## मिति २०७९/१/९ गते सम्पन्न ७३ औं कार्यपालिका बैठकका निर्णयहरु

**प्रस्तावहरु :**

(१) योजनाको सम्झौता गर्ने म्याद सम्बन्धमा

(२) S.S.P. Construction Nilkhantha–3, Dhadhing संगको सम्झौता अन्त्य गर्ने सम्बन्धमा,

(३) विभिन्न मितिमा विभिन्न समितिबाट भएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा,

(४) विभिन्न मितिमानगर प्रमुखबाट भएका आदेश, निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा,

(५) योजनाको म्याद थप गर्ने निर्णय अनुमोदन गर्ने सम्बन्धमा,

(६) विभिन्न कोषको रकम रकमान्तर गर्ने सम्बन्धमा,

**निर्णय नं. १ :**

यस आर्थिक वर्षमा उपभोक्ता समितिद्धारा सञ्चालन हुने योजनाहरुको सम्झौता २०७९ जेठ १५ गतेसम्ममा गरी सक्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस नगरपालिकाको आ.व. २०७७/७८ को वडा नं १ र २ को वडा स्तरीय कालोपत्रे सडक निर्माण योजना ठेक्का नं. 004/MF/CHT–Kmun/NVB/2076–2077 (Construction of Ward no–1 and 2 Different Black top road) को निर्माण कार्यको लागि नगर कार्यपालिकाको कार्यालय र निर्माण व्यवसायी श्री S.S.P. Construction Nilkhantha–3, Dhadhing का बीच मिति २०७८/०२/१५ सम्ममा उक्त सडक निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७७/०९/२४ मा सम्झौता भएकोमा मिति २०७८/०६/१५ भन्दा पछाडि म्याद थप पनि नभएको, पटक पटक तरताकेता गर्दा पनि कार्य सुचारु नगरेकोले सो निर्माण व्यवसायीसंग कार्यालयले सो मितिमा गरेको सम्झौता अन्त्य गरी उक्त निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने तर्फ कारबाही गरी उक्त सडक निर्माण कार्य यही आर्थिक वर्षको आषाढ मसान्त भित्रमा सम्पन्न गर्ने गरी उपभोक्ता समितिबाट निर्माणको कार्य प्रक्रिया अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

२०७८ श्रावण १ देखि २०७९ बैशाख ९ गते सम्मका विभिन्न मितिमा विभिन्न समितिहरुले गरेका योजना बाँडफाड, बजेट बिनियोजन, राहत तथा अनुदान रकम प्रदान लगायतका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

२०७८ श्रावण १ देखि २०७९ बैशाख ९ गते सम्मका विभिन्न मितिमा नगर प्रमुखबाट आर्थिक सहयोग प्रदानको लागि भएका आदेश, विभिन्न कोषमा बिनियोजन भएको बजेटलाई विभिन्न योजनामा बिनियोजन गर्ने गरी भएका आदेश, लगायत नगर प्रमुखले गरेका विभिन्न मितिका निर्णय तथा आदेशहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस आर्थिक वर्षमा उपभोक्ता समितिद्धारा सञ्चालन हुने योजनाहरुको म्याद थप गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतबाट विभिन्न मितिमा भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस नगरपालिकाको नवौं तथा दशौं नगरसभाबाट वडा नं. ४ को विभिन्न बिषेश कोषमा बजेट बिनियोजीत भएकोमा केही बिषेश कोषमा बजेट बचत भएको, केही बिशेष कोषहरुमा बजेट अभाव भई कार्यक्रम सञ्चालन गर्न समस्या भएकोले दशौं नगरसभाले नगरसभा नबसेको अवस्थामा नगरसभाले गर्ने कार्य गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय अनुसार वडा नं. ४ को तपसिल बमोजिमको बिषेश कोषबाट तपसिल बमोजिमका बिषेश कोषमा रकमान्तर गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | बिषेश कोषको नाम | घटाउने | बढाउने |
|---|---|---|---|---|
| १ | ४ | मर्मतसंभार बिषेश कोष | (१०००००।-) | |
| | | स्थानीय विकास बिषेश कोष | | १०००००।- |
| २ | ११ | मर्मतसंभार बिषेश कोष | (७७०००।-) | |
| | | स्थानीय विकास बिषेश कोष | | ७७०००।- |

रु. ७०।